**“पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र समृद्धिसहितको भद्रपुर नगर”**

**नगरसभाका सभाध्यक्षज्यू,**

**उपस्थित नगरसभाका सदस्यज्यूहरु,**

**तथा सम्पूर्ण कर्मचारी साथीहरु !**

नेपाली जनताले लामो समयदेखि संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तीको लागि गरेका ऐतिहासिक र गौरवपूर्ण आन्दोलनका कारण प्राप्त उपलब्धिको रुपमा गठन भएको स्थानीय सरकारको तर्फबाट यस गरिमामय चौथो नगरसभामा आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेट प्रस्तुत गर्न गइरहेकोछु ।

बदलिंदो परिस्थिति सगै जनताको विकास प्रतिको उत्साह, आकांक्षालाई समायोजित सम्बोधन गर्दै समग्र नगरको समृद्धिको लागि तीव्र गतिको यात्रा गर्नु पर्ने आवश्यकता छ ।

यस बिचमा स्थानीय तहको स्वरुपलाई संविधानले प्रत्याभुत गरेको स्थानीय तहको व्यापक क्षेत्राधिकार भएको बलियो र भरोसा योग्य स्थानीय सरकारको स्वरुपमा रुपान्तरण गर्ने प्रक्रियालाई संग-संगै अगाडी बढाउनु परेकोछ ।

यसै अवसरमा नेपालको राजनैतिक विकास र सामाजिक रुपान्तरणको क्रममा भएका विभिन्न संघर्षमा, आन्दोलनहरुमा आफ्नो जीवन बलिदान गर्नु हुने सम्पूर्ण महान ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धा सुमन व्यक्त गर्दै बेपत्ता तथा घाइते योद्धाहरु र उहाँहरुको परिवारजन लगायत आम न्यायप्रेमी जनसमुदायमा हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

हाम्रो राष्ट्रमा २०६२/०६३ को जनआन्दोलन पश्चात प्राप्त गरेको संविधानलाई संस्थागत ढँगले कार्यान्वयनको दिशामा अगाडी बढाउन स्थानीय, प्रदेश र संघको निर्वाचन सम्पन्न भई हाम्रो राष्ट्र विकासको चरणमा अगाडी बढिरहेकोछ । ती निर्वाचन पश्चात संघीयताको कार्यान्वयन र लोकतन्त्रलाई संस्थागत हुने मात्र होइन आ-आफ्नो ठाउँको विकासमा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित भई आम जनतालाई सार्वभौम बनाउने यो ऐतिहासिक र सुनौलो अवसरलाई सदुपयोग गर्न सकेमा भद्रपुर नगरपालिकाको हित र समृद्धिमा ठूलो योगदान पुग्नेछ त्यो लक्ष्य प्राप्त गर्न भद्रपुर नगरपालिका द्रुत गतिमा अघि बढदै गरेको कुरा यहाँहरु माझ सर्वविदितै छ ।

संघीय शासन प्रणाली अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विषयगत मन्त्रालयहरुको मार्गदर्शन, बजेट तर्जुमा दिग्दर्शनका मार्गदर्शन, यस भन्दा अघिको अभ्यास, प्रचलन र छलफलका निश्कर्षहरुबाट आर्थिक वर्ष २०७६/०७७ को नीति, कार्यक्रम, बजेट तथा

योजनाहरुको दस्तावेज तयार गरिएकोछ । यसबेलासम्म आइपुग्दा नगरको अल्पकालिन र दिर्घकालिन विकास तथा स्थायित्वका केही पूर्वाधारहरु खडा भएका छन् ।

जनताको समग्र आर्थिक, सामाजिक विकासको लक्ष्य हासिल गर्नका लागि लिइने रणनीति, कार्यनीति, कार्यक्रम, बजेट, अनुगमन, मुल्याङ्कन लगायतका व्यवस्थाहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न हाम्रो सामु धेरै चुनौती र समस्याहरु छन् । नगरको योजना तर्जुमा कार्यान्वयनलाई तथ्यगत आधार बनाई स्वच्छ, पारदर्शी र नतिजा उन्मुख कसरी बनाउने ? जवाफदेहिता र सुशासनको प्रत्याभुति नगरवासीलाई कसरी प्रदान गर्ने ? बजेट बाडँफाँटमा देखिने गरेको वडा विभाजन गर्ने ढाँचालाई क्षेत्रगत स्वरुपमा आवश्यकता, क्षमता र सम्भावना अनुरुप एकीकृत रुपको मोडेलमा कसरी प्राथमिकता निर्धारण गरी विनियोजन गर्ने परिपाटी अगाल्ने ? न्यायिक समितिको कार्यलाई कसरी सुव्यवस्थित र सेवाग्राहीमैत्री बनाई शान्ति र सुरक्षा न्याय एवं सुशासन प्रबर्द्धनमा अब्बल नगरपालिका बनाउने ? यस्ता यावत समस्याहरु समाधान गरी स्वयम्को सशक्तिकरण, विकास र सेवा प्रवाहमा गतिशिलता सिर्जना गर्न सकिन्छ । यो गतिशिलताको लागि श्रमको सम्मान, उच्च मनोबल युक्त कार्यसम्पादन स्तरमा बढोत्तरी, नगरपालिका प्रति जनविश्वासको आर्जन, सुचना प्रविधि एवं तथ्य र तथ्याङ्कमा आधारित सहभागितामूलक, पारदर्शी निर्णय प्रणाली अवलम्बन गर्न जरुरी छ । विधिको शासन स्थापित गर्न, ऐन, कानून र नगरपालिकाले पारित गरेको कानून र विधिलाई अक्षरशः पालना गर्न जरुरी छ ।

अब म नगरको जनसांख्यिक, सामाजिक, आर्थिक तथा वित्तीय स्थितको संक्षेपमा विश्लेषण गर्दछु ।

१. यस नगरको कुल जनसंख्या २०६८ सालको जनगणना अनुसार ६५ हजार ५ सय ३३ छ जसमध्ये ४७.२५% पुरुष र ५२.८५% महिला छन् भने साक्षरता दर ७६.९५% छ । जनसंख्या वृद्धिदर १.५३% छ र लैङ्गिक अनुपात ८९.४५% छ भने ३२ वटा भन्दा बढी जातजातिहरुको बसोबास रहेकोछ ।

२. भद्रपुर नगरपालिकाको मुख्य आर्थिक श्रोत कृषि तथा व्यापार व्यवसाय नै हो । राष्ट्रिय जनगणना २०६८ सालको अनुसार यस नगरपालिकामा तालिम प्राप्त कृषि, वन र मत्स्य कामदार पेशामा संलग्न मानिसहरुको संख्या सबैभन्दा बढी भएतापनि केवल २६.९५% मानिसहरु मात्र उक्त पेशामा संलग्न रहेका छन् । कालिगढ पेशामा १३.८५% मानिसहरु संलग्न रहेका छन् । व्यवसायिक, प्राविधिक, सह व्यवसायिक, मेशिनरी प्राविधिक पेशामा संलग्न मानिसहरु भने क्रमश ६.६५%, ४.४५% र ४.१५% रहेका छन् । नगरपालिकाको चिया बगान सहित कृषि क्षेत्रले ओगटेको भुभाग ७५.९३% हो ।

३. भद्रपुर नगरपालिकामा १०० शैयाको सरकारी अस्पतालको रुपमा मेची अञ्चल अस्पताल, १०० शैयाको निजी ओम साई पाथिभरा अस्पताल एक, स्वास्थ्य चौकी ३, शहरी स्वास्थ्य केन्द्र २, सामुदायिक स्वास्थ्य केन्द्र १, जिल्ला आयुर्वेद अस्पताल १ र नगरपालिकाको वडा नं. २, ४, ६, ७ र १० मा आधारभुत स्वास्थ्य केन्द्र स्थापनाको तयारीमा रहेका छन् साथै मेची अञ्चल अस्पतालको

स्तरोन्नती, डाईलोसिस र आ.सि.यु. सेवा सञ्चालनमा छ भने नयाँ भवन निर्माणाधिन अवस्थामा रहेको छ । यस नगरपालिकालाई खुल्ला दिशा मुक्त नगरपालिका घोषणा गरी सकिएको र पूर्ण सरसफाई तथा अवैध रुपमा बिक्री वितरण भैरहेको मदिरा न्यूनीकरण तथा नियन्त्रण गर्दै बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्ग मैत्री, ज्येष्ठ नागरिकमैत्री नगरपालिका घोषणा गर्नका लागि द्रुत गतिमा कार्यहरु भइरहेको समेत जानकारी गराउँछु ।

यसका साथै यस भद्रपुर नगरपालिका पर्यटकीय तथा ऐतिहासिक क्षेत्रले भरिपूर्ण छ । जसमा एक नं. प्रदेशको नीति तथा कार्यक्रममा मुख्य धार्मिक तथा पर्यटकीय स्थलको रुपमा किच्चकबध क्षेत्र रहेको छ । यो हाम्रो लागि गौरवको विषय समेत रहेकोछ भने अन्य पर्यटकीय स्थलको रुपमा चन्द्रगढ, कलबलगुडी, कमलधाप जस्ता प्रसिद्ध स्थल लगायत सामुदायिक वन तथा सिमसार क्षेत्रहरु पनि रहेकाछन् ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

यस नगरपालिकाबाट आगामि आ.व.मा विनियोजित बजेटबाट “समृद्ध नेपाल, सुखी नेपाली” दिगो लक्ष्य प्राप्तीका लागि संघीय सरकारबाट सञ्चालनमा रहेको प्रधानमन्त्री स्वरोजगार कार्यक्रम, रोजगारमुलक आर्थिक वृद्धि, सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा, लैङ्गिक समानता तथा विभेद रहित न्याय पूर्ण समाजको निर्माण, प्राकृतिक श्रोतको संरक्षण र परिचालन, गुणस्तरीय मानव पूँजी निर्माण गर्दै उपलब्ध सेवाको पूर्ण उपभोग गर्ने वातावरणको सृजना गर्ने उद्देश्य प्रस्तुत बजेटले लिएको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु, स्थानीय तहमा बजेट तर्जुमा सम्बन्धी कार्यविधि २०७५, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन-२०७४, संघीय तहको चालु आवधिक योजना, जनअनुमोदित निर्वाचन घोषणा पत्र, नगरसभाको नीति तथा कार्यक्रम, दिगो विकासको लक्ष्य, नगरसभाका सदस्यज्यूहरुले उजागर गर्नु भएको विषय, धारणा र दिनु भएको सुझावहरुको आधारमा मेरो संयोजकत्वमा गठन भएको **“बजेट तथा कार्यकम तर्जुमा समिति”** द्वारा भएको छलफलका निश्कर्षहरुलाई मार्गदर्शनको रुपमा लिएको छु । यसको साथै विभिन्न मितिहरुमा नगरको तर्फबाट वार्डहरुमा भएका भेलाहरुद्वारा प्रदान गरिएको सुझावहरु, राजनैतिक दल, नागरिक समाज, बुद्धिजीवि वर्गहरु, नीजि क्षेत्र, संघ संस्थाहरुले दिनुभएको सुझावहरुलाई समेत ध्यान दिएको छु ।

नेपाल सरकारबाट वित्तिय समानीकरण, आन्तरिक आय, राजस्व बाडँफाँड तथा मौजुदा बजेट समेतलाई मध्यनजर गर्दै चालु आ.व.मा स्वीकृत योजनाहरुलाई प्राथमिकतामा राखी सबै वडा समितिबाट पारित भई आएका थप योजनाहरुलाई समेत समेट्ने प्रयास गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७६/०७७ को लागि तपसिल बमोजिमको रु.**७१ करोड ४१ लाख ९५ हजार** बराबरको विनियोजन बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु। यो बजेटमा सामाजिक सुरक्षा भत्ता समावेश गरिएको छैन ।

## आम्दानी तर्फ

| क.सं. | शिर्षक | कुल बजेट रकम |
|---|---|---|
| **१. राजस्व** | | |
| क | आन्तरिक श्रोत | रु.६ करोड ६८ लाख |
| ख | संघबाट बाँडफाँड भै प्राप्त हुने मूल्य अभिवृद्धि कर, अन्त शुल्कको राजस्व | रु.१२ करोड १२ लाख |
| ग | प्रदेश सरकारबाट राजस्व बाँडफाँड सवारी साधन कर | रु. १ करोड |
| घ | घरजग्गा रजिष्ट्रेशन दस्तुर बाँडफाँड | रु. २ करोड |
| ङ | स्थानीय वन उपभोक्ता समितिको राजस्व बाँडफाँड | रु.५ लाख |
| च | चालु आ.व.मा खर्च नभई बचत हुने अनुमानित रकम | रु.३ करोड ५० लाख |
| | **राजस्व अन्तर्गतको जम्मा** | **रु.२५ करोड ३५ लाख** |
| **२** | **अन्तर सरकारी वित्त हस्तान्तरण (नेपाल सरकार)** | |
| क | समानीकरण अनुदान | रु.१८ करोड १९ लाख |
| ख | सशर्त अनुदान | रु.२२ करोड ९६ लाख ५८ हजार |
| ग | विशेष अनुदान | रु.५० लाख |
| घ | सडक बोर्ड नेपाल अनुदान | रु.१ करोड |
| | अन्तर सरकारी वित्त हस्तान्तरण (नेपाल सरकार) जम्मा | रु.४२ करोड ६५ लाख ५८ हजार |
| **३** | **अन्तर सरकारी वित्त हस्तान्तरण (प्रदेश सरकार)** | |
| क | समानीकरण अनुदान | रु.८१ लाख ५ हजार |
| ख | सशर्त अनुदान | रु.१ करोड ३० लाख |
| | अन्तर सरकारी वित्त हस्तान्तरण (प्रदेश सरकार) जम्मा | रु.२ करोड ११ लाख ५ हजार |
| **४** | **अन्य स्थानीय तह, कार्यालय, संघ संस्था** | |
| क | भारतीय राजदूतावास | रु.६६ लाख ३२ हजार |
| ख | सहारा नेपाल | रु.६४ लाख |
| | **अन्य स्थानीय तह, कार्यालय, संघ संस्था** | **रु.१ करोड ३० लाख ३२ हजार** |
| | **कुल जम्मा** | **रु.७१ करोड ४१ लाख ९५ हजार** |

आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेट तर्जुमा गर्दा बस्ती स्तरमा छलफल तथा भेला आयोजना गरी योजनाको माग संकलन गरिएको, वडा स्तरीय समितिमा छलफल गरी वडा स्तरीय योजनाको लागि कुल रु.४ करोड ६४ लाख रकम विनियोजन गरिएकोछ ।

नगरपालिका स्तरमा वडाबाट आएका योजनाहरुलाई विभिन्न विषयगत शाखा तथा नीति, कार्यक्रम अनुकूल हुने गरी आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वन तथा वातावरण समिति र संस्थागत तथा सेवा प्रवाह समितिमा निर्वाचित जनप्रतिनिधी लगायत सम्बन्धित शाखा तथा सरोकारवाला कर्मचारीहरु सहितको बैठकमा छलफल गरी योजनाहरुको प्राथमिकिकरण गरी बजेट विनियोजन गर्ने कार्य गरिएको र सशर्त अनुदानबाट आएको बजेटलाई समेत छलफल गरी विषयगत कार्यक्रममा समावेश गरिएकोछ ।

यसै गरी नगरलाई व्यवस्थित र हिंसा मुक्त बनाउन समाजमा रहेका कुरिती तथा प्रथाहरुलाई हटाउन विशेष पहल गरिनुका सथै खुल्ला रुपमा बेचविखन भइरहेको मदिरा तथा मदिरा जन्य सामाग्रीहरुको बेचबिखनलाई व्यवस्थित गर्न मापदण्ड तयार गरी लागु गरिएको र हिंसापिडित महिला, ज्येष्ठ नागरिक, बेसहारा बालबालिकाहरुको व्यवस्थापनका लागि सेफ हाउस (SAFE HOUSE) संचालन कार्यविधि तयार गरी त्यस अनुसार कार्य प्रारम्भ भएको जानकारी गराउँदछु ।

**नगरसभाका सदस्यज्यूहरु,**

आगामी आर्थिक वर्ष २०७६/०७७ का लागि **विनियोजित बजेट** को सार संक्षेप तपाईहरु समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

| क्र.सं. | विवरण | कुल जम्मा |
|---|---|---|
| १ | आर्थिक विकास | रु. १ करोड ९४ लाख ४६ हजार |
| २ | सामाजिक विकास | रु. २२ करोड ९५ लाख १८ हजार |
| ३ | पूर्वाधार विकास | रु. ३१ करोड १७ लाख २१ हजार |
| ४ | वातावरण विकास | रु. ६३ लाख ३८ हजार |
| ५ | संस्थागत विकास तथा सेवा प्रवाह विकास | रु. ६४ लाख ५० हजार |
| ६ | चालु तथा प्रशासनिक खर्च | रु. ११ करोड ९७ लाख २२ हजार |
| ७ | अन्य पूँजीगत खर्च | रु. २ करोड १० लाख |
| **कुल जम्मा** | | **रु. ७१ करोड ४१ लाख ९५ हजार** |

माथि उल्लेखित खर्चहरुको विस्तृत विवरण तपसिल अनुसार रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

| क.सं. | विवरण | प्रस्तावित बजेट खर्च | | |
|---|---|---|---|---|
| | | आन्तरिक आयवित्तीय समानीकरण तथा राजस्व बाँडफाँडतर्फ | सशर्त अनुदानतर्फ | कुल जम्मा |
| **१** | **आर्थिक विकास** | **१ करोड ४३ लाख २४ हजार** | **५१ लाख २२ हजार** | **१ करोड ९४ लाख ४६ हजार** |
| क | सहकारी | ५ लाख | ०।०० | ५ लाख |
| ख | वित्तीयक्षेत्र | २ लाख | ०।०० | २ लाख |
| ग | प्रधानमन्त्री रोजगार कार्यक्रम | ५ लाख | ४ लाख ७७ हजार | ९ लाख ७७ हजार |
| घ | कृषि विकास | ६० लाख ५४ हजार | १० लाख | ७० लाख ५४ हजार |
| ङ | पशु विकास | ५२ लाख ७० हजार | ६ लाख ४५ हजार | ५९ लाख १५ हजार |
| च | उद्योगविकास | ११ लाख | ०।०० | ११ लाख |
| छ | पर्यटन विकास | ७ लाख | ३० लाख | ३७ लाख |
| **२** | **सामाजिक विकास** | **२ करोड ६३ लाख २८ हजार** | **२० करोड ३१ लाख ९० हजार** | **२२ करोड ९५ लाख १८ हजार** |
| क | महिला सशक्तिकरण कार्यक्रम | १३ लाख ५० हजार | | १३ लाख ५० हजार |
| ख | बालबालिका | १३ लाख ५५ हजार | | १३ लाख ५५ हजार |
| ग | जेष्ठ नागरिक | ७ लाख २० हजार | | ७ लाख २० हजार |
| घ | अपाङ्गता | ४ लाख ५० हजार | | ४ लाख ५० हजार |
| ङ | आदिवासीजनजाती | ८ लाख ५० हजार | | ८ लाख ५० हजार |
| च | दलित | ५ लाख | | ५ लाख |
| छ | मधेशी | ४ लाख ५० हजार | | ४ लाख ५० हजार |

| | | | | |
|---|---|---|---|---|
| ज | पिछडा वर्ग | ४ लाख ५० हजार | | ४ लाख ५० हजार |
| झ | अन्य कार्यक्रम | ४४ लाख १० हजार | | ४४ लाख १० हजार |
| ञ | स्वास्थ्यतर्फ | ६० लाख ९८ हजार | २ करोड २१ लाख २८हजार | २ करोड ८२ लाख २६ हजार |
| ट | आर्युवेदतर्फ | १२ लाख | | १२ लाख |
| ठ | न्यायिक समिति | १० लाख | | १० लाख |
| ड | शिक्षा तथा खेलकुद | ७४ लाख ९५ हजार | १७ करोड ५५ लाख ६२ हजार | १८ करोड ३० लाख ५७ हजार |
| ढ | रोजगार प्रबर्द्धन कार्यक्रम सामी परियोजना | | ५५ लाख | ५५ लाख |
| **३** | **पूर्वाधार विकास** | **२७ करोड ८७ लाख ६३ हजार** | **३ करोड २९ लाख ५८ हजार** | **३१ करोड १७ लाख २१ हजार** |
| क | अन्यभौतिकपूर्वाधार | ६ करोड ४७ लाख ३१ हजार | १ करोड ८० लाख | ८ करोड २७ लाख ३१ हजार |
| ख | वडा कार्यालय भवननिर्माण | २ करोड ५० लाख | | २ करोड ५० लाख |
| ग | पर्यटकीय क्षेत्र विकास (कमलधाप) | ३ करोड ५० लाख | | ३ करोड ५० लाख |
| घ | आधारभूत स्वास्थ्य केन्द्र निर्माण | | १ करोड ४९ लाख ५८ हजार | १ करोड ४९ लाख ५८ हजार |
| ङ | भारतीय राजदूतावास (कोल्ड स्टोर) | ६६ लाख ३२ हजार | | ६६ लाख ३२ हजार |
| च | सडक बोर्ड | १ करोड ३० लाख | | १करोड ३० लाख |
| छ | नगर पूर्वाधारका योजनाहरु ५५ लाख | ८ करोड ८० लाख | | ८ करोड ८० लाख |
| ज | वडा स्तरीय योजनाहरु | ४करोड ६४ लाख | | ४करोड ६४ लाख |
| **४** | **वातावरण विकास** | **४९ लाख ५० हजार** | **१३ लाख ८८ हजार** | **६३ लाख ३८ हजार** |
| **५** | **संस्थागत विकास तथा सेवाप्रवाह** | **६४ लाख ५० हजार** | **०।००** | **६४ लाख ५० हजार** |

| | | | | |
|---|---|---|---|---|
| | विकास | | | |
| ६ | चालु तथा प्रशासनिक खर्च | ११ करोड ९७ लाख २२हजार | ०।०० | ११ करोड ९७ लाख २२हजार |
| ७ | अन्य पूँजीगत खर्च | २ करोड १० लाख | ०।०० | २ करोड १० लाख |
| | कुल जम्मा | ४७ करोड १५ लाख ३७ हजार | २४ करोड २६ लाख ५८ हजार | ७१ करोड ४१ लाख ९५ हजार |

**अन्त्यमा, नगरसभाका सदस्यज्यूहरु,**

यो बजेट निर्माणको प्रकृयामा सहयोग पुऱ्याउनु हुने नगर सभाका सदस्यज्यूहरु, केन्द्र तथा प्रदेशका सांसदज्युहरु, विषयगत समितिका सदस्यज्युहरु, नगरपालिका अन्तर्गतका सम्पूर्ण कर्मचारीज्युहरु, विज्ञज्यूहरु, राजनैतिक दल तथा नेतागण, सरकारी, गैरसरकारी, संघसंस्था वा प्रतिनिधिज्युहरु, उद्योग वाणिज्य संघका विभिन्न तह र तहका व्यक्तितत्वहरु, स्थानिय प्रशासन, सञ्चारकर्मी, नगरवासी सबैमा म आभार प्रकट गर्दै मार्ग निर्देशन गर्नु हुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यबाद ज्ञापन समेत गर्दछु । यो बजेट नगरको आर्थिक, सामाजिक र समग्र विकासमा सहयोग पुऱ्याउनका लागि साथै बजेट कार्यान्वयनका क्रममा सबै पक्षको पूर्ण सहयोग प्राप्त हुने विश्वास समेत लिएकोछु ।

॥ धन्यवाद ॥

**चन्द्रमाया श्रेष्ठ**
**नगर उपप्रमुख**
**भद्रपुर नगरपालिका**

**मिति : २०७६।०३।१०**